## नगर सभाबाट पारित भएका निर्णयहरु

### निर्णय नं. १

राजस्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति र श्रोत अनुमान तथा सिमा निर्धारण समितिले तय गरेको सिमा र सिलिङ भित्र रही पेश भएका आयोजनाहरु र मिति २०७७ साल असार ९ गते सम्पन्न कार्यपालिकाको बैठकले नगरसभामा पेश गर्ने गरी तय गरी उप-प्रमुख ज्यूबाट मिति २०७७ असार १० गते पेश भएका नीति तथा कार्यक्रम, आर्थिक विधेयक, २०७७/०७८ विनियोजन विधेयक, २०७७/०७८, भवन निर्माण सम्बन्धी विधेयक,२०७७, कर्मचारी व्यवस्थापन सम्बन्धी विधेयक,२०७७ लघु ,घरेलु तथा साना उद्योग व्यवसाय सम्बन्धी विधेयक,२०७७ र चालु आ.व. को आम्दानी खर्च सहितको आर्थिक विश्लेशण लगायतका निष्कर्षहरुलाई सामान्य संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

### निर्णय नं. २

नेपाल सरकारले यस नगरपालिकाको लागि स्वीकृत गरेको सँगठन संरचना र दरबन्दी सङ्ख्या (अनुसूची बमोजिमको) स्वीकृत गर्ने र आवश्यकताका आधारमा सँगठन संरचनाको O & M गर्न कार्यपालिकाको कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो।

### निर्णय नं. ३

आ.व. २०७७/०७८ का लागि स्थानीय न्यूनतम दररेट निर्धारणका लागि यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा समिति गठन गरी स्थानीय बजार भाउ समेतलाई आधार मानी सरोकारवाला समेतको सहभागितामा सो समितिले निर्धारण गरेको न्यूनतम दर रेटलाई नगर कार्यपालिकाको बैठकले स्थानीय दररेट निर्धारण गर्ने अधिकार पाख्रीबास नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

### निर्णय नं. ४

हाल दैनिक ज्यालादारीमा कार्यरत दरबन्दीमा आगामी आ.व.२०७७।०७८ बाट करार सेवाद्वारा पदपूर्ति गर्ने निर्णय गरियो।

### निर्णय नं. ५

यस पाख्रीबास नगरपालिकामा रहेका तपशिल बमोजिमका विद्यालयहरुमा लागि नगरपालिकाले पारिश्रमिक उपलब्ध गराउने गरी आगामी आर्थिक वर्ष २०७७।०७८ को लागि स्वयमंसेवक शिक्षक व्यवस्थापन गर्ने गरि स्वयमंसेवक शिक्षक नियुक्तिका लागि अस्थायी दरबन्दी कायम गरी शिक्षक नियुक्तिको व्यवस्था गर्ने निर्णय गरियो।

**तपशिल**

| क्र. सं | विद्यालयको नाम | शिक्षक सङ्ख्या | तलब सुविधा | कै. |
|---|---|---|---|---|
| १ | श्री बालपन्च मा.वि., सान्ने | १ | मासिक रु.२२,०००/- र बर्षमा एक पटक चाडपर्व खर्च/ पोशाक भत्ता उपलब्ध गराईने | मा.वि. स्तरको शिक्षक नियुक्ति गरिनेछ। |
| २ | श्री शान्ति निवास मा.वि., दियाले | १ | मासिक रु.२२,०००/- र बर्षमा एक पटक चाडपर्व खर्च/ पोशाक भत्ता उपलब्ध गराईने | मा.वि. स्तरको शिक्षक नियुक्ति गरिनेछ। |
| ३ | श्री सरस्वती मा.वि., घामे | १ | मासिक रु.२२,०००/- र बर्षमा एक पटक चाडपर्व खर्च/ पोशाक भत्ता उपलब्ध | मा.वि. स्तरको शिक्षक नियुक्ति गरिनेछ। |

| | | | | |
|---|---|---|---|---|
| | | | गराईने | |
| ४ | श्री महेन्द्र आ.वि., मुगा | १ | मासिक रु.१८,०००/- र बर्षमा एक पटक चार्डपर्व खर्च/ पोशाक भत्ता उपलब्ध गराईने | नि.मा.वि. स्तरको शिक्षक नियुक्ति गरिनेछ। |
| ५ | श्री नर्वदेश्वर आ.वि., सान्ने | १ | मासिक रु.१८,०००/- र बर्षमा एक पटक चार्डपर्व खर्च/ पोशाक भत्ता उपलब्ध गराईने | नि.मा.वि. स्तरको शिक्षक नियुक्ति गरिनेछ। |
| ६ | श्री सरस्वती आ.वि., सान्ने | १ | मासिक रु.१८,०००/- र बर्षमा एक पटक चार्डपर्व खर्च/ पोशाक भत्ता उपलब्ध गराईने | नि.मा.वि. स्तरको शिक्षक नियुक्ति गरिनेछ। |

**निर्णय नं. ६**

नगरपालिकामा सी.डि.ई. को दरबन्दी भएता पनि हालसम्म पदपुर्ती हुन नसकेको, सब इञ्जिनियर तथा असिस्टेन्ट-सव इञ्जिनियरको अनुपात बढी भएकाले एकजना इञ्जिनियरले मात्र सुपरीवेक्षण तथा अनुगमन गर्न कठिन हुने, क्रमागत भौतिक पूर्वाधार र आगामी आ.व. मा समेत उल्लेख्य योजना तथा कार्यक्रम समावेश भएकाले १जना इञ्जिनियरले मात्र कार्य सम्पादनमा कठिनाई हुने भएकाले आन्तरिक श्रोतबाट तलब तथा अन्य सेवा सुविधा भुक्तानी गर्ने गरी बढीमा १ वर्षका लागि सिभिल इञ्जिनियर सेवा तर्फ अधिकृत स्तर छैठौँ तहको १ अस्थायी दरबन्दी कायम गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

सङ्घीय सरकारबाट प्राप्त दरबन्दी संचरना र अनुसूचीमा उल्लेख गरे अनुसारको अस्थायी दरबन्दीमा कार्यरत कर्मचारी रहेकाले उक्त दरबन्दी संरचना अनुसार नै स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

आ.व. २०७५/०७६ मा भएको लेखापरीक्षण प्रतिवेदनलाई स्वीकृत गर्दै औंल्याएको बेरुजु प्रचलित कानुन बमोजिम असूल उपर गर्न कार्यपालिकालाई निर्देश गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

जुनसुकै प्रकारका क्यान्सर, मुटुको भल्भ फेर्ने, मृगौला खराब, अलजाइमर्स र पार्किन्सन भएको बिरामीलाई नेपाल सरकारले उपलब्ध गराउने औषधि उपचार सहयोगका अतिरिक्त नगरपालिकाबाट यातायात खर्च स्वरुप प्रति बिरामी रु. १०,०००/- (अक्षेरेपि रु. दश हजार मात्र।) उपलब्ध गराइने निर्णय गरियो।

**निर्णय नं. १०**

"कर्णधार सँग वडाध्यक्ष" कार्यक्रम अन्तर्गत गर्भ रहे देखि प्रसुती हुनु पूर्व चार पटक नियमित गर्भवती परीक्षण गराउने र तालिम प्राप्त स्वास्थ्य कार्यकर्ताबाट प्रसुती गराउने सुत्केरी महिलाको घरमा प्रथा, परम्परा अनुसार सुत्केरी समयमै वडाध्यक्षको नेतृत्वमा वडा सचिव, स्वास्थ्य शाखाको कर्मचारी सहितको टिमले नवजात शिशु स्याहार सामग्री, पोषणयुक्त खानेकुरा, स्वास्थ्य परीक्षण र जन्मदर्ता उपलब्ध गराईने कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो।

**निर्णय नं. ११**

नगरको श्रोतले चालु आ.व. आम सञ्चालन गर्न नसक्ने आयोजनाहरुलाई सङ्घ, प्रदेशमा माग गर्ने आयोजनाहरुको सुचिमा सुचिबद्ध गर्ने र बाँकी आयोजनाहरुलाई नगरले श्रोत उपलब्ध भएमा सञ्चालन गर्ने आयोजना BANK को रुपमा समावेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

उप प्रमुख ज्यूबाट पेश भएका देहाय बमोजिमका विधेयकहरु स्वीकृत गर्ने निर्णय पारित गर्ने निर्णय गरियो।

**देहाय :-**

आर्थिक विधेयक, २०७७/०७८

विनियोजन विधेयक, २०७७/०७८

भवन निर्माण सम्बन्धी विधेयक,२०७७

कर्मचारी व्यवस्थापन सम्बन्धी विधेयक,२०७७

लघु, घरेलु तथा साना उद्योग व्यवसाय सम्बन्धी विधेयक,२०७७

**निर्णय नं. १३**

चालू आर्थिक वर्षमा नगर कार्यपालिका, नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृत स्तरबाट भएको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १४**

माथि उल्लेख गरे भन्दा बाहेकको हकमा (आयोजना छन ट, प्राथमिकीकरण, रकम विनियोजन, शर्तहरु निर्धारण, छुट भएका कर, दस्तुर, दण्ड जरिवाना एवम् राजश्वका दरहरु निर्धारण, उपभोक्ता वा अन्य नगरपालिका वा साझेदार सङ्घ संस्थाहरुसँग समन्वय सहकार्य आदि गर्न/गराउन) यस नगरसभामा भए सरहको अधिकार पाख्रीबास नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो।